# बाखा प्रर्वद्धन कार्यक्रम सम्बन्धी कार्यविधि ,२०७७

**नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७७/११/११**

**१. प्रस्तावना :**

शितगंगा नगरपालिकाभित्र विपन्न तथा न्यून आय भएका विपत कृषकहरुलाई आयआर्जनमा आवद्ध गराई उनीहरुको आम्दानी वृद्धि गर्ने र जीवनस्तर सुधार ल्याउने उद्धेश्यले शितगंगा नगरपालिकाले बाखा प्रवर्द्धन कार्यक्रम सम्बन्धी कार्यविधी ,२०७७ प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन , २०७५ बमोजिम नगर कार्यपालिकाबाट पारित भई जारी गरिएको छ ।

## परिच्छेद-१

**२.संक्षिप्त नाम र परिभाषा :**

२.१ यस कार्यविधिको नाम शितगंगा नगरपालिकाको “बाखा प्रर्वद्धन कार्यक्रम कार्यविधि , २०७७” रहेको छ ।

२.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) “नगरपालिका” भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) “नगरप्रमुख” भन्नाले शितगंगा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ग) “नगर उपप्रमुख” भन्नाले शितगंगा नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(ङ) “वडा” भन्नाले शितगंगा नगरपालिकाको सबै वडाहरुलाई सम्भलनु पर्छ ।

(च) “ सहकारी ” भन्नाले शितगंगा नगरपालिका भित्र रहेका कृषि तथा पशुपालनसँग सम्बन्धित कृषि सहकारीहरुलाई जनाउनेछ ।

(छ) “कार्यक्रम” भन्नाले बाखापालन कार्यक्रमलाई सम्भलनु पर्दछ ।

**३.उदेश्य : यस कार्यक्रमको उदेश्य देहाय बमोजिम रहेको छ :**

(क) विपत, एकल महिला तथा अपाङ्गता भएका कृषकहरुलाई आर्यआर्जनमा संलग्न गराई निजहरुको जीवनस्तरमा सुधार ल्याउने ।

(ख) शितगंगा नगरपालिकाका कृषकहरुलाई बाखापालन व्यवसायप्रति आकर्षित गर्ने ।

## परिच्छेद -२
## कार्यक्रम संचालन र कार्यक्रमको मापदण्ड सम्बन्धी व्यवस्था

**४. कार्यक्रम संचालन प्रक्रिया :**

कार्यक्रम संचालनको लागि देहमयको प्रक्रिया अबलम्बन गर्नु पर्नेछ :

(क) विपत वर्गलाई प्रामथमिकता दिई कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(ख) बाख्रा प्रवर्द्धन कार्यक्रम शितगंगानगरपालिकाभर लागु गनुपर्नेछ ।

(ग) नगरपालिकाले कार्यक्रम संचालनको लागि कम्तीमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(घ) निवेदकले आय आर्जन सम्बन्धी कार्यविधि , २०७७ बमोजिमको ढाचाँ अनुसार निवेदन दिनु पर्नेछ ।

**५.कार्यक्रमको मापदण्ड :**

१. वितरण गरिने बाख्रा प्रजनन योग्य , निरोगी हुनुपर्नेछ ।

२. प्रजनन योग्यबाख्रा खरिद गर्दा जिउदो बढीमा प्रति के .जी. रु.३६० (तिनसय साठी) को दरले खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३. वितरण गरिने बाख्राको जिउदो तौल न्यूनतम १४ (चौध) के.जी र अधिकतम ३० ( तिस ) के.जी हुनुपर्नेछ ।

४. खरिद भएका बाख्राको कृषकले अनिवार्य पशु बिमा गनुपर्नेटछ ।

५. वितरण गरिएको बाख्रा कम्तीमा तीन वर्ष सम्म पालन गर्नुपर्नेछ ।

६. वितरण गरिएको बाख्रामा कुनै किसिमको प्रजनन समस्या देखिएको खण्डमा नगरपालिकाको पशुसेवा शाखा वा वडा पशु स्वास्थ प्राविधिकलाई जानकारी गराउनु पर्नेछ र नगरपालिकाको प्राविधिकको रोहवरमा प्रचलित बजार मूल्यमा उक्त बाख्रा विक्रि गरि कृषकले अर्को बाख्रा खरिद गर्न सक्नेछ ।

७. वितरण गरिएका बाख्राबाट हुने सन्तान बृद्धिको लागत अनिवार्य रुपमा नगर पशु सेवा शाखा वा वडा कार्यालय अन्तर्गत कार्यरत वडा पशु स्वास्थ्य प्राविधिक समक्ष पेश गर्नुपर्नेछ ।

८. वितरण गरिएको बाख्राको आकस्मिक मुत्यु भएमा सम्बन्धित वडा कार्यालयको वडा अध्यक्ष,वडा पशु प्राविधिकको रोहवरमा मृत्यु भएको कुरा अनुसूची १ बमोजिमको ढाँचामा प्रमाण्ति गरि नगरपालिको पशु सेवा शाखा लिखित जानकारी गराउनु पर्नेछ ।

९. मृत्यु भएको बाख्राको विमा दावीको लागि नगरपालिकाले सहयोगी भुमिका निवाह गर्नेछ । सो बाहेक नगरपालिकाबाट अन्य सुविधा उपलब्ध हुनेछैन ।

१०.एक घरपरिवारको लागि कम्तिमा १ र बढीमा ३ वटा प्रजनन योग्य बाखा उपलब्ध गराईनेछ ।

## परिच्छेद - ३

१. बाखाको खरिद कार्यमा नगरपालिका भित्रका कृषि सहकारी , नियमानुसार दर्ता भएका कृषि तथा पशु विकास सुचिकृत सहकारीबाट बाखा खरिद गर्ने निर्णय गरिनेछ ।

२. कृषि सहकारीहरुले नगरपालिकाले तोकिएको सुचना अनुसारको बाखा खरिदको लागिको कृषक सुचना प्रकाशन गर्नुपर्नेछ ।

३. सुचना बमोजिजम सहकारीले पेश गरेका आवेदनको मूल्याङ्कनको आधारमा सबै भन्दा कम मूल्य कबोल गर्ने सहकारीलाई नगरपालिकाले प्रतिबद्धता गराई खरिद कार्यको लागि कार्यदेश दिनुपर्नेछ।

४. नगरपालिका समक्ष सहकारीले गरेको प्रतिबद्धता बमोजिम कार्य नगरेमा नगरबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गरिने छ ।

५. सहकारी खरिद गरेको बाखाहरु पशु चिकित्सक वा नगरपालिकाको पशुसेवा शाखाको पशु स्वास्थ्य प्राविधिकले स्वास्थ्य परिक्षण गनुपर्ने छ र खरिद गरिएका बाखाहरुमा कुनै स्वास्थ्य समस्या देखिएमा वितरणको लागि रोक लगाउन सक्नेछ ।

६. सरकारीबाट उपयुक्त बाखाहरु उपलब्ध हुन नसकेमा शितगंगानगरपालिका भित्रका फर्महरुबाट समेत बाखा खरिद गर्न सकिनेछ । यसरी पनि उपलब्ध हुन नसकेमा अन्य श्रोतबाट बाखाको व्यवस्थापन गरी लाभग्राहीलाई बाखा वितरण गर्नुपर्नेछ ।

## परिच्छेद - ४

## विविध

७. नगरपालिकाबाट वितरण गरिने बाखाहरुको ट्यागिङ्ग गरिसके पछि मात्र लाभग्राहीलाई बाखा वितरण गनुपर्ने छ ।

८. यस कार्यविधिमा व्यवस्था भएका कुराहरु यसै बमोजिम हुने र अन्यको हकमा मख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम ,२०७५ र आय आर्जन सम्बन्धी कार्यविधि,२०७७ बोजिम हुनेछ ।

**अनुसुचि - १**

**(दफा ५ को उपदफा (९) सँग सम्बन्धित)**

**बाख्रा मृत्युको मुचुल्का**

लिखितम अर्घाखाँची जिल्ला शितगंगा नगरपालिका वडा नं......................टोल ...................बस्ने श्री ..................को छोरा वर्ष ........को श्री .............ले शितगंगा नगरपालिकाबाट मुख्यमन्त्री ग्रामीण विकास रोजगार कार्यक्रम अन्तर्गत बाख्रा प्रबर्द्धन कार्यक्रमबाट उपलब्ध गराइएको ट्गाग नं......... को बाख्रा ...................... कारणले मृत्यु भएको हुदाँ हामी तपसिलका व्यक्तिहरु बसी यो मुचुल्का गरिदियौं ।

**<u>तपसिल</u>**

अर्घाखाँची जिल्ला शितगंगा नगरपालिका वडा नं........... टोल ........ ...... बस्ने श्री....................को छोरा वर्ष ....................को श्री .........................१

अर्घाखाँची जिल्ला शितगंगा नगरपालिका वडा नं........... टोल ........ ...... बस्ने श्री....................को छोरा वर्ष ....................को श्री .........................१

अर्घाखाँची जिल्ला शितगंगा नगरपालिका वडा नं........... टोल ........ ...... बस्ने श्री....................को छोरा वर्ष ....................को श्री .........................१

**रोहवर**

| | | |
|---|---|---|
| ह्स्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

आज्ञाले

(प्रेम बहादुर के सी)

प्रमुख प्रशासकीय अधिकृत